# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, पुस १९ गते, २०७८ साल (सङ्ख्या १९

## भाग ३

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## <u>सूचना</u>

### प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** प्रदेश सरकारको विभिन्न निकायका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मीहरूको (Protective Service Officer (PSO)) पोसाकमा एकरुपता कायम गर्न, विशिष्ट व्यक्तिहरूको मर्यादा कायम राख्न एवं निजहरूको सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी बनाउन

आवश्यक भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पोसाक" भन्नाले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मी (Protective Service Officer (PSO)) ले लगाउनुपर्ने अनुसूची-२ बमोजिमको छुट्टै पोसाक सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विशिष्ट व्यक्ति" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७' मा उल्लेख भए बमोजिमका व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सुरक्षाकर्मी" भन्नाले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मी सम्झनु पर्छ।

३. **<u>पोसाक सुविधा प्रदान गरिनेः</u>** (१) प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई विशिष्ट व्यक्तिको सुरक्षामा खटिएको अवस्थामा छुट्टै पोसाक लगाउने प्रयोजनको लागि मन्त्रालयले निर्धारण गरे बमोजिम वार्षिक रुपमा पोसाक सुविधा बापतको रु. २०,०००।- (बीस हजार रूपैयाँ) रकम प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खटिएका सुरक्षाकर्मीले प्रत्येक वर्ष पहिलो एक पटक माघ महिनादेखि मात्र पाउनेछ।

तर,

(क) शुरु खटिएको सुरक्षाकर्मी वा यस कार्यविधि लागू हुँदा खटिएका सुरक्षाकर्मीले खटिएको समयदेखि नै पोसाक सुविधा पाउनेछ ।

(ख) एक पटक पोसाक सुविधा पाएका सुरक्षाकर्मी पुनः सोही वर्षमा दोहोर्याएर खटी आएमा वा एक वर्षभन्दा बढी निरन्तर खटिएको अवस्थामा निजले पुस मसान्तपछि मात्र यस किसिमको सुविधा पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्न सुरक्षाकर्मीले प्रदेशका विशिष्ट व्यक्तिहरूको सुरक्षाको जिम्मेवारी प्राप्त गरेको सात दिनभित्र मन्त्रालयमा आफैं उपस्थित भई अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भए पश्चात मन्त्रालयले सम्बन्धित सुरक्षाकर्मीको व्यक्तिगत बैंक खातामा

उपदफा (१) बमोजिमको पोसाक सुविधा बापतको रकम प्रदान गर्नेछ ।

४. **<u>छुट्टै पोसाक लगाउनु पर्नेः</u>** (१) सुरक्षाकर्मीले विशिष्ट व्यक्तिकासाथ दैनिक कामकाजको क्रममा वा अन्य कुनै औपचारिक कार्यक्रम तथा समारोहमा उपस्थित हुँदाका बखत अनिवार्य रुपमा अनुसूची-२ बमोजिमको पोसाक अनिवार्य लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रयोजनको लागि निर्धारित पोसाक लगाउनको लागि सम्बन्धित सुरक्षाकर्मीले दफा ३ को उपदफा (१) बमोजिमको सुविधा प्राप्त गरेको सात दिनभित्र लगाई सक्नु पर्नेछ ।

५. **<u>पोसाकको गुणस्तरः</u>** सुरक्षाकर्मीले लगाउने पोसाक विशिष्ट व्यक्तिको मर्यादा कायम गर्न सक्ने गुणस्तर र आवरणको हुनु पर्नेछ ।

६. **<u>पोसाकको आवरणः</u>** सुरक्षाकर्मीको पोसाकको आवरण अनुसूची-३ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

७. **<u>पोसाक सुविधा लागू हुनेः</u>** विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम तोकिएका प्रदेशका विशिष्ट व्यक्तिका लागि प्रदेश प्रहरी कार्यालयबाट खटिएका सुरक्षाकर्मी (Protective Service Officer (PSO)) को लागि मात्र यो पोसाक सुविधा लागू हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## पोसाक सुविधा बापतको रकम माग गर्ने निवेदनको ढाँचा

मितिः.........................

**विषयः पोसाक सुविधा बापतको रकम पाउँ भन्ने बारे ।**

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा ।

बागमती प्रदेश प्रहरी कार्यालयको च.नं............... मिति ....................... को पत्रानुसार प्रदेश सरकारका मा. मुख्यमन्त्री/मन्त्री/राज्यमन्त्री/सभामुख/उपसभामुख/प्रमुख प्रतिपक्ष दलका नेता/ प्रमुख सचिव/ आन्तरिक मामिला तथा कानून सचिवको व्यक्तिगत सुरक्षाकर्मीको रुपमा म (नाम)........................................................................... (पद)............................. संकेत नं. .................... मिति .......................... का दिनबाट खटिएकोले तहाँ मन्त्रालयबाट प्रदान गरिने पोसाक सुविधा बापतको रकम तपसिल बमोजिमको मेरो व्यक्तिगत बैंक खाता मार्फत पाऊँ भनी सादर निवेदन गर्दछु ।

बैंक खाताको विवरणः

१. बैंकको नामः.................................., शाखा कार्यालय ....................... ।
२. बैंक खाता नं. ............................................... ।
३. प्यान नं.........................................।

निवेदनका साथ संलग्न कागजातः

१. बागमती प्रदेश प्रहरी कार्यालयबाट प्राप्त जिम्मेवारीको पत्रको प्रतिलिपि।
२. व्यक्तिगत बैंक खाताको चेकको प्रतिलिपि ।
३. पहिले यस किसिमको सुविधा मन्त्रालयबाट लिए नलिएको पुष्ट्याई, लिएको भए कहिले लिएको ।

निवेदकः

............................
(दस्तखत)

.........................
(नाम)

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीको पोसाकको विवरण</u>**

(१) <u>जाडो मौसमको लागि</u>

(क) खैरो कोट, पाईन्ट (Dark Gray),

(ख) बैजनी सर्ट (Light Purple),

(ग) छालाको कालो जुत्ता र कालो मोजा (Black),

(२) <u>गर्मी मौसमको लागि</u>

(क) गाडा निलो सफारी सुट पाइन्ट (Dark Blue),

(ख) छालाको कालो जुत्ता र कालो मोजा (Black),

(३) <u>गर्मी र जाडो दुबैको लागि</u>

(क) निलो ट्र्याकसुट (Blue),

अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

**<u>पोसाक आवरण</u>**

| विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गर्मी मौसममा प्रयोग गर्ने पोसाक |
|---|





| विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले जाडो मौसममा प्रयोग गर्ने पोसाक |
|---|





**<u>नोट</u>**ः विशिष्ट व्यक्तिहरूको सुरक्षामा खटिने सुरक्षाकर्मीले सुरक्षामा खटिएको बखत आफ्नो परिचयपत्र समेत अनिवार्य रुपमा माथि आवरणमा उल्लेख गरिए बमोजिम धारण गर्नु पर्नेछ।

**आज्ञाले,**

**रुद्रसिंह तामाङ**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-